# पूर्चौंडी नगरपालिका

**बैतडी, ७ नं. प्रदेश, नेपाल**

२०७५

# आर्थिक वर्ष २०७५।७६

# को

# बजेट वक्तव्य

## पूर्चौंडी नगरपालिकाको तेस्रो नगरसभामा

२०७५ साल अषाढ १८ गते

अध्यक्ष श्री रण बहादूर कुँवर द्धारा

प्रस्तूत गर्नूभएको

यस सम्मानित र गरिमामय सदनमा उपस्थित सदस्य ज्यूहरु,

नेपालको संविधानको कार्यान्वयन संगै गठन भएको यस पूर्चौंडी नगरपालिकाका जनताले आफू द्धारा निर्वाचित प्रतिनिधि मार्फत शासित हूने सआवसर प्राप्त गरेका छन । यस अवस्था सम्म आईपूग्दा विभिन्न कालखण्डमा नेपाली जनताले गरेका बलिदानीपूर्ण आन्दोलन, जनयूद्ध लगायत अन्य सबै आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछू ।

आज म यस पुर्चौंडी नगरपालिकाको आ.व.२०७५/७६ को बजेट प्रस्तुत गर्न यस सम्मानित सदनमा उभिएको छू । वजेट स्थानीय तहको भावी आर्थिक विकास र समृद्धिको सवाल संग जोडिएको विषय हो । विगतको अभ्यासलाई हेर्दा साना तिना योजनाहरुमा बजेट विनियोजन हूने र आर्थिक बर्षको अन्त्यमा योजना संचालन गरिने परम्परा पुरानै समस्याका रुपमा रहेका छन । आगामी आ.व. यस्ता समस्याहरुको अन्त्य गर्न सबैको साथ र सहयोग रहने छ भन्ने विश्वास लिएको छू ।

उपस्थित सदस्य ज्युहरु,

यस पूर्चौंडी नगरपालिकाको आ.व.२०७५/७६ को वजेटका उद्देश्यहरु देहाय वमोजिम रहेका छन ।

१.सडक निर्माण तथा यातायात विकासमा जोड दिने ।

२.कृषिको ब्यवसायीकरण र आधूनिकिकरणमा जोड दिने ।

३.दिगो, समावेशी, उच्चदरको आर्थिक वृद्धि हासिल गर्ने ।

४.सार्वजनिक सेवामा नागरिक पहुच अभिवृद्धि गर्ने ।

५.शैक्षिक गूणस्तर सूधारका लागि बिशेष पहल गर्ने ।

६.सामाजिक ,आर्थिक तथा लैंगिक बिभेद न्युनिकरण गर्ने ।

यी उद्धेश्य हासिल गर्नका लागि आगामी वर्षको बजेटका प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरेको छू ।

१. नगरपालिका द्धारा प्राथमिकता निर्धारण गरीएका सडक तथा पुर्वाधार निर्माण ।

२. कृषिमा आधूनिकिकरण र व्यवसायिकरण ।

३. शैक्षिक गूणस्तर सूधार ।

४. सामाजिक सांस्कृतिक विकास ।

५. पर्यटन पुर्वाधार विकास ।

५. शूसासन तथा सार्बजनिक सेवा प्रवाह ।

अब म यस पूर्चौडी नगरपालिकाको आ.व.२०७५/ ७६ को बजेट प्रस्तुत गर्न गइरहेको छु ।

कुल बजेट : ४१,४४,७२,५४८।

चालु तर्फ : २८,८४,०५,२४८।

पुजीगत तर्फ :१२,६०,६७,३००।

१. चालु बजेट तर्फ रु २८,८४,०५,२४८।०० मध्ये नगरपालिकाको सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त गराई प्रभावकारीता अभिबृद्धि गर्ने,कर्मचारी तलव भत्ता सेवा सुविधा, पदाधिकारी सेवा सुविधा लगाएतका शिर्षकमा खर्च हुने गरी ४,९३,५९,०००।००,वडा कार्यालयको चालू खर्च तर्फ रु.५०,००,०००।, शिक्षा,स्वास्थ्य,कृषि,भेटनरी,महिला,वालवालिका ,दलित अपांग,ज्येष्ठ नागरीक लगायत अन्य बिभिन्न नगरस्तरीय कार्यक्रम संचालनका लागि रु.४,७८,०१,७००। , बिषयगत शाखाहरुको चालू खर्च रु.१८,०२,००,०००।,बहूक्षेत्रीय पोषण कार्यक्रम तर्फ रु.१८,३३,०००।०, युनिसेफ नेपालको कार्यक्रम खर्च रु.१५,७०,०००।, सूआहारा कार्यक्रमको रु.२६,४१,५४८।०० खर्च हूने गरी अनूसुची बमोजिमका शिर्षकअनूसार बजेट व्यवस्था गरेको छू ।

२.पुजिगत तर्फ रु १२,६०,६७,३००।०० बजेट तर्जुमा दिग्दर्शन २०७४(परिमार्जित ), अन्य प्रचलित नियममा रहि यस नगरपालिका द्धारा निर्धारण गरिएका प्राथमिकताका पुर्वाधार निर्माणका योजनामा उचित बजेट विनियोजन गरेको छु । बिषयगत क्षेत्रका आधारमा पुर्वाधार बिकास तर्फ ११,०४,००,०००।०० ,सामाजिक बिकास तर्फ रु.३,२२,०७,७००।००।,आर्थिक बिकास तर्फ १,८०,००,०००। , बन वातावरण तथा

बिपद व्यवस्थापन तर्फ ७८,००,०००। र सुसासन तथा संस्थागत बिकास तर्फ ३७,९१,३००।०० बजेट बिनियोजन गरेको छु । स्थानीय सरकार संग सहकार्य गरी कार्य गर्न साझेदार निकायद्धारा संचालित कार्यक्रममा उचित रुपमा समपुरक कोषको व्यवस्था गरेको छु ।

३. यस नगरपालिका अन्तरगत रेहका बिषयगत शाखाहरु शिक्षा, कृषि, पशु, स्वास्थ्य,महिला तथा वालवालिकाका लागी अर्थ मन्त्रालय द्धारा सर्सत अनुदान सुचिमा उल्लेख भए बमोजिम कर्मचारी तलव भत्ता,कार्यक्रम खर्च लगाएतका शिर्षकमा कार्यक्रम स्वीकृत गरी खर्च गर्ने गरी रु १८,०२,००,०००।०० रकम बिनियोजन गरेको छु । जस मध्य कृषि तर्फ रु.२२,३६,०००।०० पशु तर्फ रु १९,१५,०००।०० शिक्षा तर्फ रु.१३,८९,९३,०००।००,ग्रामिण उर्जा तर्फ रु.१६,९०,०००।०० ,महिला बिकास तर्फ रु.७,६५,०००।००,बन तथा वातावरण तर्फ रु.३,८८,०००।०० ,ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना तर्फ रु.१,५०,०००।००र स्वास्थ्य तर्फ रु .३,४०,६३,०००।०० रकम विनियोजन गरेको छु ।

अव म यस आ.व.२०७५/७६ मा यस स्थानीय सरकारको राजश्व संकलन तथा परिचालन सम्बन्धी नीती तथा कार्यक्रम प्रस्तूत गर्न गैरहेको छु ।

आन्तरिक आम्दानी बृद्धि तथा करका दर र दायरालाई समयानुकुल परिमार्जन तथा परिचालन गर्न नसकेमा नगरपालिका समृद्ध र आत्मानिर्भर बनाउने सपना साकार पार्न सकिदैन । त्यसैले आन्तरिक आम्दानी व्यवस्थीत गर्न करको दर तथा दायरा बढाउदै जानू पर्ने अवस्था छ । आगामि आ.व.२०७५/७६ देखि एकिकृत सम्पत्ति कर लागू गर्ने आवश्यक व्यवस्था गरिएको छ । कर तथा राजश्वको दरलाई आर्थिक ऐन ,२०७५ को अनुसुचीमा उल्लेख भए बमोजिम लागु हुने गरी व्यवस्था गरेको छु ।

अन्तमा यस आ.व.२०७५/७६ को बजेट तथा कार्यक्रम तर्जुमा गर्न मलाई सहयोग र सुझाव दिने राजनितिक दलका प्रतिनिधी, बद्धिजिबी, समाजसेवी,संचारकर्मी सरकारी तथा गैर सरकारी निकायहरु नागरिक समाज कर्मचारी नगर सभाका सदस्य ज्युहरु लगाएत आम जनसमुदायमा धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद ।